हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ६३ पृष्ठ : ४ २०७७ भदौ ३१ गते बुधबार (Wednesday 16 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




• कारागारमा कोरोना मिटर बढ्दो •

## एकैदिन १ सय ४८ कैदीबन्दीमा कोरोना संक्रमण, कारागारमा मात्र संक्रमितको संख्या २ सय २६ पुग्यो





**सिरहा** । सिरहा कारागार कोरोना संक्रमणको जिल्लामैं 'केन्द्र' बन्ने खतरा बढेको छ । मंगलबार जिल्ला कारागारका १ सय ४८ कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको छ ।

गत भदौ २५ मा २ सय ४६ जनाको स्वाब संकलन गरि प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधाममा परीक्षण गरिएको थियो । मंगलबार आएको परीक्षण रिपोर्टमा १ सय ४८ जना कैदीबन्दीमा संक्रमण देखिएको हो ।

यसअघि ७८ कैदीबन्दीमा संक्रमण देखिएको स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । स्वाब संकलन भएका दुई सय ४६ मध्ये पटक–पटक गरि अहिलेसम्म दुई सय ६ जनाको परीक्षणको रिपोर्ट आइसकेको छ । अहिलेसम्म कारागारमा संक्रमितको संख्या २ सय २६ पुगेको छ । कारागारमा क्षमताभन्दा तीन गुणा बढी पाँच सय ९७ जना कैदीबन्दी छन् । कैदीबन्दीका लागि कारागारभित्रै आइसोलेसन राखिएको कारागार प्रमुख बबिता महतोले जानकारी दिइन् । संक्रमितको संख्या वृद्धि भएसँगै कारागारमा परीक्षणको दायरा बढाइएको महतोले बताइन् ।

**कैदीबन्दी त्रसित**

बुधबार र शुक्रबारको पीसीआर नतिजाले कारागारका ७८ कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको थियो । मंगलबार थप १ सय ४८ कैदीबन्दीमा संक्रमण पुष्टि भयो । यति धेरै संख्यामा कैदीबन्दीमा संक्रमण पुष्टि हुनुले उनीहरूको स्वास्थ्य अवस्थाबारे सचेत हुन जरुरी छ ।

**संक्रमणको सुरुवात**

गत साउन २५ गते नकाबजनी चोरी र आपराधिक मुद्धामा पुर्पक्ष थुनामा चार जनालाई कारागारमा राखिएको थियो । उनीहरूको साउन २६ गते पीसीआर परीक्षण गर्दा नतिजा पोजिटिभ आयो ।

लगत्तै ट्रेसिङको आधारमा ३० जनाको पीसीआर परीक्षण गरियो । ती मध्ये तीन जनामा रिपोर्ट पोजेटिभ आयो । त्यसपछि कारागारमा सबै कैदीबन्दीको पीसीआर परीक्षण गरिएको थियो । १ सय जनाको नतिजा आउँदा ७८ जनामा कोरोना संक्रमण पुष्टि भयो । मंगलबारको नतिजाले एकै पटक १ सय ४८ मा पोजिटिभ आएको स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । यसले जिल्लामै चुनौति थपेको छ ।

पछिल्लो २४ घण्टामै सिरहामा ३ महिलासहित १७० जनामा कोरोना पुष्टि भएको छ । यो संख्या आजसम्मकै सबभन्दा सर्वाधिक हो । सिरहा नगरपालिका १ स्थित जिल्ला कारागार (स्वाब कलेक्सन भएको ठाउँ)का १४७ जना संक्रमित पाइएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । यस्तै औरही गाउँपालिका १ र ३ का ६ जना, लहान नपाका ७ जना, आर्मी क्याम्पका २ जना, माडरका १ जना, धनगढी नपाका १ जना, कल्याणपुर नपाका १ जना, कर्जन्हा नपाका १ जना, नरहा नपाका १ जना, सिरहाका १ जना र धनगढीमाईस्थित महेन्द्र गेनाई अस्पतालका १ जनामा समेत कोरोना पुष्टि भएको छ ।

सिरहामा स्वाब संकलन गरिएकामध्ये ७४३ जनाको कोरोना रिपोर्ट आउन बाँकी रहेको मन्त्रालयले जनाएको छ । सिरहाका विभिन्न क्वारेन्टाइनमा अहिले पनि २२५ जना शंकास्पद बिरामी छन् । सिरहामा कोरोना संक्रमितको संख्या ८१८ पुगेको छ । जसमध्ये हालसम्म ३८५ जना कोरोनामुक्त भइसकेका छन् । सिरहामा कोरोना संक्रमणबाट ११ जनाको मृत्यु भइसकेको छ ।

## असोज १ गतेदेखि लामो दूरीका यातायात चल्ने

असोज १ गतेदेखि नै लामो दूरीका सार्वजनिक यातायात खुला गर्ने निर्णय सरकारले गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको हो । तर गाडी भाडा भने ५० प्रतिशत बढाइएको छ । क्षमताभन्दा आधा यात्रु मात्र बोक्न पाउने निर्णय गरिएकाले भाडा ५० प्रतिशत बढी लिन पाउनेछ ।

असोज १ बाट चल्ने सवारी साधनले सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । लामो दूरीका सार्वजनिक गाडी चलाउँदा चालक र सहचालकले पनि अनिवार्य मास्क लगाउनुपर्नेछ ।


यस्तै भौतिक दूरी कायम गरि सिट क्षमताको ५० प्रतिशत मात्रै यात्रु राख्न पाइने छ । यसो गर्दा सरकारले तोकेको भाडामा अधिकतम ५० प्रतिशत बढीसम्म लिन पाउनेछन् । रासस


भित्री पृष्ठमा
नेपालको चुनौति र गान्धीवाद
पेज २ मा
राज्यको नजरमा नपरेको मधेसी दलित
पेज ३ मा
स्थानीय सरकार : सुशासनका आधार
स्तम्भ : पालिका बहस
पेज ४ मा

## प्रदेश २ मा २ सय ५१ संक्रमित थपिए

प्रदेश २ मा पछिल्लो २४ घण्टामै २५१ कोरोना संक्रमित भेटिएका छन् । सामाजिक विकास मन्त्रालयका अनुसार २२ महिला र २२९ पुरुषमा कोरोना पुष्टि भएको छ । सिरहामा सबभन्दा बढी १७० जना कोरोना संक्रमित थपिएका छन् । यस्तै सप्तरीमा ४३ जना, रौतहटमा २३ जना, बारामा ४ जना र महोत्तरीमा ७ जना कोरोना संक्रमित थपिएका छन् । पछिल्लो २४ घण्टामा बाराको डुमरवाना १४ का ५५ वर्षीया एक महिलाको ज्यान गएसँगै यस प्रदेशमा मृतकको संख्या १२२ पुगेको छ ।

मन्त्रालयका निमित्त निर्देशक विजय कुमार झाका अनुसार पछिल्लो २४ घण्टामै १८१ जना कोरोनामुक्त भएका छन् । जसमध्ये ६ जना महिला रहेकी छन् ।





सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, जनकपुर, नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगंज र गजेन्द्र ना. सिंह सगरमाथा अस्पतालबाट आज मिति २०७७/०५/३० गते प्राप्त कोरोना संक्रमित पुष्टि भएकाहरुको विवरण:

| जिल्ला | स्थान | वार्ड नं. | महिला | उमेर | पुरुष | उमेर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| धनुषा | नगराइन न.पा. | | ० | | ४ | २८, ४०, ४७, ४८ वर्ष | ४ |
| | धनुषाको जम्मा: | | ० | | ४ | | ४ |
| महोत्तरी | गौशाला त्रिशुल S & C (रामनगर) | | ० | | १ | २४ वर्ष | १ |
| | गौशाला न.पा. | ८ | १ | २९ वर्ष | ३ | ५, २०, ५० वर्ष | ४ |
| | गौशाला न.पा. | ९ | १ | २५ वर्ष | ० | | १ |
| | सिद्धार्थ बैंक, गौशाला | | १ | ३५ वर्ष | ० | | १ |
| | महोत्तरीको जम्मा: | | ३ | | ४ | | ७ |
| सिरहा | औरही गा.पा. | १, ३ | १ | २६ वर्ष | ५ | २० देखि ३५ वर्ष | ६ |
| | चतुरानन्द (जिल्ला कारागार, सिरहा) | | ० | | १ | २६ वर्ष | १ |
| | सिरहा-१ (स्वाब कलेक्सन भएको - जिल्ला कारागार) | | ० | | १४७ | १ देखि ६५ वर्ष | १४७ |
| | लहान न.पा. | १, ५, ७, ८ | २ | २० र ६१ वर्ष | ५ | ४ देखि ६५ वर्ष | ७ |
| | माडर | १६ | ० | | १ | २५ वर्ष | १ |
| | सिरहा S.S.C. ब्यारेक | | ० | | २ | ३३, ३५ वर्ष | २ |
| | धनगढीमाई न.पा. | १ | ० | | १ | ३५ वर्ष | १ |
| | कल्याणपुर न.पा. | | ० | | १ | २४ वर्ष | १ |
| | कर्जन्हा न.पा. | ७ | ० | | १ | ३३ वर्ष | १ |
| | नरहा गा.पा. | १ | ० | | १ | ४३ वर्ष | १ |
| | प्युधान, बारा (हाल महेन्द्र गेनाई अस्पताल, धनगढीमाई मा भर्ना) | ६ | ० | | १ | ३४ वर्ष | १ |
| | सिरहा | ३ | ० | | १ | २८ वर्ष | १ |
| | सिरहाको जम्मा: | | ३ | | १६७ | | १७० |
| बारा | परसौनी गा.पा. (स्वाब कलेक्सन भएको - नारायणी असपताल, वीरगंज) | २ | ० | | १ | ३१ वर्ष | १ |
| | फत्तेपुर, जितपुर सिमरा उ.म.न.पा. (क्वारेन्टाईन) | १२ | ० | | १ | ३६ वर्ष | १ |
| | जितपुर सिमरा उ.म.न.पा. (क्वारेन्टाईन) | ४ | ० | | १ | ३२ वर्ष | १ |
| | जितपुर | १० | १ | ५५ वर्ष | ० | | १ |
| | बाराको जम्मा: | | १ | | ३ | | ४ |
| रौतहट | चन्द्रपुर न.पा.(स्वाब कलेक्सन - गरुडा मा.वि.) | ६ | ० | | १ | २१ वर्ष | १ |
| | गरुडा न.पा. | ३, ४ | २ | १७ र ५३ वर्ष | ७ | २२ देखि ६२ वर्ष | ९ |
| | ईलाका प्रहरी कार्यालय, गरुडा न.पा. | | ० | | १ | ४० वर्ष | १ |
| | राष्ट्रिय वाणिज्य बैंक, गरुडा | | ० | | ४ | २८, ३४, ३७, ५३ वर्ष | ४ |
| | सिभिल बैंक, गरुडा | | ० | | ४ | २२, २४, २८, ४० वर्ष | ४ |
| | APF Hajminiya Camp, Gaur Na.Pa. | | ० | | २ | २३ र २३ वर्ष | २ |
| | माधवनारायण न.पा. | ३, ४ | ० | | २ | २५ र ३० वर्ष | २ |
| | रौतहटको जम्मा: | | २ | | २१ | | २३ |
| सप्तरी | राजबिराज न.पा. | २ - ८ | ११ | ३ देखि ५५ वर्ष | १८ | उमेर नखुलेको देखि ७४ वर्ष | २९ |
| | राजबिराज न.पा. (अदालत) | | ० | | ४ | २६, ३०, ४०, ४९ वर्ष | ४ |
| | राजबिराज न.पा. (CDO Office) | | ० | | ३ | २८, ५६, ६६ वर्ष | ३ |
| | राजबिराज न.पा. (प्रहरी) | | ० | | २ | उमेर नखुलेको र ३७ वर्ष | २ |
| | छिन्नमस्ता गा.पा. (Dialysis-GNS Hospital) | ५ | १ | ५८ वर्ष | ० | | १ |
| | छिन्नमस्ता अस्पताल | | १ | २३ वर्ष | १ | २१ वर्ष | २ |
| | हनुमाननगर कंकालिनी न.पा (GNS Hospital-OPD) | १२ | ० | | १ | ३६ वर्ष | १ |
| | शम्भुनाथ न.पा (GNS Hospital-Medical Ward) | ६ | ० | | १ | ११ वर्ष | १ |
| | सप्तरीको जम्मा: | | १३ | | ३० | | ४३ |
| | आजको जम्मा: | | २२ | | २२९ | | २५१ |
| | हिजो सम्मको जम्मा: | | १९२७ | | १००३६ | | ११९६३ |
| | आज सम्मको जम्मा: | | १९४९ | | १०२६५ | | १२२१४ |

आज पुष्टि भएका संक्रमित सबैको स्वास्थ्य अवस्था सामान्य रहेको र बहाँहरु स्वास्थ्यकर्मीको सम्पर्कमा रहनु भएको छ । हाल सम्म मृत्यु भएकाहरुको संख्या ११२ जना (धनुषा १३, महोत्तरी १३, सिरहा ११, सप्तरी ८, सर्लाही ४, रौतहट ५, बारा १७, पर्सा ४०, भारतीय १) जसमा पुरुष ९३ र महिला १९ रहेका छन् ।

**आज मृत्यु हुनेहरुमा बारा जिल्लाको डुमरवाना वार्ड नं.- १४ को एक जना ५५ वर्षकी महिला रहेको छ ।**

साथै आज जम्मा १८१ जना (१७५ पुरुष, ६ महिला) निको भई घर फर्केका छन् । हालसम्म निको भएकाहरुको संख्या ६५८३ (५८४९ पुरुष, ७३४ महिला) रहेका छन् ।

**अध्यावधिक मिति :- २०७७/०५/३० गते ४:३० बजे**

विजय कुमार झा
नि. निर्देशक

नि. निर्देशक



फ्रेन्डस मोडल हस्पिटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# होटल खोल्न दिइने

**काठमाडौं ।** कोरोना संक्रमितको संख्या बढ्दै गएपनि सरकारले होटल तथा ट्रेकिङ व्यवसाय सूचारू गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषदको बैठकले होटल तथा रेष्टुरेण्ड खोल्न दिने निर्णय गरेको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी असोज १ गतेबाट होटल तथा ट्रेकिङ व्यवसाय खोल्ने निर्णय गरेको छ ।

अहिलेसम्म सरकारले 'टेक अ वे' सेवा मात्र लिन पाउने व्यवस्था गरेको थियो । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालका अनुसार पर्सीदेखि होटल तथा ट्रेकिङ व्यवसाय सूचारू हुने निर्णय भएको छ ।

होटल तथा ट्रेकिङ व्यवसायहरूले स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गरेर नगरेको अनुगमन संस्कृति, पर्यटक तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने जनाएको छ । **रासस**

# खाद्यान्न तथा कोभिड-१९ रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः १४ सेप्टेम्वर, २०२० ( २९ भदौ, २०७७)**

**दलित जनकल्याण युवा क्लब सिरहा र एक्सनएड नेपालको संयुक्त साझेदारीमा संचालित आपतकालीन प्रतिकारी योजना कार्यक्रम (Emergency Response Plan) का लागि तपसिल बमोजिमको सामानहरूको आवश्यकता भएको हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग काम गरिसकेका इच्छुक नेपाली इजाजत प्राप्त फर्म/कम्पनीहरूले आवश्यक कागजात संलग्न गरि गोप्य शिलबन्दी बोलपत्र तोकिएको ढाँचामा नमूना सहित मिति १८ सेप्टेम्वर २०२० (०२ असोज २०७७), साँझ ३:०० बजेसम्म बुझाउन आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | खाद्यान्न प्याकेज (चामल, गहुँको पिठो, सर्वोत्तम पिठो, चना, मटर, मुसुरो दाल, धारा तेल र नुन | १,४५० |
| २. | कोभिड-१९ रोकथाम किट (डिजीटल थर्मोमिटर, मास्क, सेनिटरी प्याड, लुगाधुने साबुन र नुहाउने साबुन,) | १,४८० |
| ३. | माथि उल्लेखित सामानहरूको ढुवानी र प्याकेजिङ सहितको मूल्य सिरहाको लहानसम्म | |

**शिलबन्दी बोलपत्र फारम र नियम तथा शर्तहरु दलित जन कल्याण युवा क्लब लहानको कार्यालय लहान-१४ बस्तीपुर प्रदिप गिरि आश्रम र एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगर महानगरपालिका वडा नं.१२ स्थित कार्यलयबाट बिहान १०:०० बजे देखि दिउँसो ३:०० बजेसम्म प्राप्त गर्न सक्नुहुनेछ ।**

## शिलबन्दी बोलपत्र पेश गर्ने ठेगानाहरु

**दलित जन कल्याण युवा क्लब लहानको कार्यालय,**
लहान-१४,

**एक्सनएड नेपाल पुर्वाञ्चल श्रोत केन्द्र**
प्रदिप गिरि आश्रम, बस्तीपुर सिरहा
पाञ्चाली वडा नं. १२, विराटनगर, मोरङ
प्रदेश नं. २
प्रदेश नं. १ सगरमाथा पार्टी प्यालेस नजिक
सम्पर्क नं. ०३३-५६१२९९,
फोन नं. ०२१-४७०५७५, ४७१६३७
मोवाईल नं. ९८४१३६३३९१, ९८२४७९६९४९
मोवाईल नं. ९८०४०६८८५५

**नोट :- बोलपत्र फारम बुझाउन आउदा आफूले उपलब्ध गराउने सामानको १/१ प्रति नमुना पनि साथै बुझाउनु पर्नेछ ।**

*(विस्तृत जानकारीको लागि दलित जनकल्याण युवा क्लब लहानको कार्यलय वा एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगरमा सर्म्पक राख्न सकिनेछ ।)*

# नेपालको चुनौति र गान्धीवाद

## बिपी कोइराला राजनीतिक अभिलेख

**अघिल्लो अंकको बाँकी**

यहाँ म तपाईंहरूका सामुन्ने एउटा प्रश्न राख्न चाहन्छु । गान्धीजीका दुई मुख्य सामाजिक-राजनीतिक सिद्धान्त 'अहिंसा र विकेन्द्रीकरण'ले राजनीतिक रूपमा दलिएका र आर्थिक रूपमा शोषण गरिएका जनतालाई आफ्नो थाप्लोबाट अत्याचार र गरिबीको जुवा फ्याँक्न मद्दत पुर्‍याउन सक्छन् ? कम्युनिस्ट विचारधाराका समर्थकहरू साम्यवादलाई भोका-नाङ्गा र अत्याचारमा परेका जनताका लागि उन्मुक्ति र उन्नतिको एउटा अचूक हतियारका रूपमा लिन्छन् । साम्यवादीहरूको त्यस्तो दाबालाई अस्वीकार गर्नेमध्ये गान्धीवादीहरू पनि पर्छन् । तसर्थ, गान्धीवादीहरूले मुलुकको आधुनिकीकरणका लागि गान्धीवादले देखाएको बाटो साम्यवादले देखाएको बाटोभन्दा धैरै उपयुक्त र प्रभावकारी छ भन्ने प्रमाण दिन सक्नुपर्छ । सांस्कृतिक अर्थमा भन्ने हो भने आधुनिकीकरण भनेको शोषण र अत्याचारबाट मुक्तिभन्दा अरू केही होइन । वास्तवमा गान्धीवाद वर्तमान विश्व-दर्शनको एउटा विचारधारा भएकाले यसले तरुणहरूको मन र मस्तिष्कलाई जित्नका लागि साम्यवादसँग मुकाबिला गर्न सक्नुपर्छ । गान्धीवाद उदारवादी प्रजातन्त्रको विचारधारा भएकाले यसको कुनै त्यस्तो समग्र सिद्धान्त भने छैन । तसर्थ, यसले सिद्धान्तगत प्रतिस्पर्धामा आउने अवस्था छैन । यस अतिरिक्त गान्धीवाद र साम्यवाद दुवैमा परम्परागत उदारवादी प्रजातन्त्रमा भन्दा अझ बढी प्रजातन्त्रका यथार्थ गुणहरू हुन्छन् भन्ने दाबालाई गान्धीवादीले पुष्टि गर्न सक्नुपर्छ ।

जनता आर्थिक शोषण र राजनीतिक अत्याचारको दोहोरो बोझले किचिएको नेपाल वा त्यस्तो कुनै मुलुकमा गान्धीवादीका रूपमा हुन्थैं भने म त्यहाँ चर्खा कात्न र खद्दरको लुगा लाउन तरखर गर्नेबाहेक अरू के नै गर्न सक्थैं होला ? त्यहाँ चर्खा कात्नु र खद्दर लाउनु त राजनीतिक विरोधको प्रतीक मात्र पनि हुन सक्तैन । म विरोधका सभाहरू आयोजना गर्न सक्थैं ? त्यस्ता सभाहरूको आयोजना गर्नु राजद्रोह हुने हुँदा म त्यहाँ त्यसो पनि गर्न सक्दिनथैं । मैले सभाको आयोजना गरैं नै भने पनि जनतालाई त्यस्तो सभाको पूर्वसूचना दिने कुनै उपाय मसँग नहुँदा श्रोताहरू उपस्थित हुने नै थिएनन् । मैले इन्द्रचोकको कुनामा उभिएर सडकमा हिंड्ने मानिसहरूलाई सम्बोधन गर्न सकैं भने त्यो सायद मेरो पहिलो र अन्तिम सभा हुनेछ । त्यहाँ सभा भए-नभएको कुरा अखबारलाई थाहा नहुने मात्र होइन, राज्यको त्रासका कारण कुनै पनि अखबारले त्यो थाहा भए पनि मेरो त्यस प्रयत्नको उल्लेखसम्म गर्नेछैनन् । वास्तवमा मेरो राजनीतिक जीवनको अन्त्य त्यही सभामै हुनेछ । तसर्थ, गान्धीले एउटा राजनीतिक शक्तिको रूपमा विकसित हुने मौका पाएको बेलायती शासनसँग नेपालको वर्तमान स्थितिलाई दाँज्न खोजियो भने ठूलो भ्रम हुनेछ । बेलायतीहरूले हिन्दुस्तानमा जतिसुकै दमनात्मक शासन-नीति अपनाएका भए पनि त्यसमा कानुनी राज्यको वैधानिकताको न्यूनतम अंश भने रहन्थ्यो । बेलायतीहरूमा विवेक भन्ने तत्व थियो । त्यो तत्व उनीहरूको व्यक्तिगत हृदयमा नरहेको भए पनि बेलायतका प्रजातान्त्रिक संस्थाहरू र विशेषगरी संसदमा भने अवश्य थियो । अङ्ग्रेजको शासनको जमानामा हिन्दुस्तानमा प्रेस आदर्श किसिमले स्वतन्त्र थियो भन्ने मेरो भनाइ होइन । तर, त्यसले तत्कालीन व्यवस्थाका विरुद्ध पनि कटु आलोचना छाप्न सक्थ्यो । त्यसले महात्मा गान्धीका सन्देशलाई हिन्दुस्तानका कुना-कुनामा प्रसारित गर्न सक्थ्यो । हिन्दुस्तानका न्यायालयहरूले केही हदसम्म ब्रिटिस न्यायपद्धतिमा रहेको प्रजातान्त्रिक परम्पराको पालना गर्थे । गान्धी आफूमाथि लागेको अभियोगको प्रतिवाद ती न्यायालयहरूमा गर्दै राजनीतिक भाषण गर्नुहुन्थ्यो । उहाँका भाषणहरू राष्ट्रका तमाम जनताले बडो आदर र ध्यानपूर्वक सुन्थे । गान्धीलाई सजाय तोक्ने बेलायती न्यायाधीशसमेत पाइलेटले क्राइस्टलाई सजाय गर्नुपर्दाको नैतिक द्वन्द्वको क्षण दोहोरिएजस्तो अप्ठेरो र खेदपूर्ण अनुभव गर्थे । बेलायती शासनकालमा हिन्दुस्तानमा गान्धीजीले चलाएका अहिंसात्मक आन्दोलनका शृङ्खला विशिष्ट प्रकृतिका भएका कारण त्यसमा भाग लिने व्यक्तिहरूले मानिसले खप्नसक्ने किसिमको दुःख मात्र भोग्नुपर्थ्यो । तर, अरू राजनीतिक आन्दोलनको स्तरमा प्रभाव प्रकट गर्नका लागि गान्धीवादका लागि परिपक्व हुने समयको आवश्यकता पर्छ । त्यसलाई पहिले अङ्कुरित हुन र पछि विकसित हुनका लागि न्यूनतम भए पनि प्रजातान्त्रिक वातावरण चाहिन्छ । यसका अतिरिक्त हिन्दुस्तानको राजनीतिक मञ्चमा गान्धीको प्रादुर्भाव हुनुभन्दा पहिले नै दादाभाइ नौरोजी, सुरेन्द्रनाथ बनर्जी, गोखलेजस्ता उदारवादी राजनीतिज्ञहरूको एउटा पुस्ता आइसकेको थियो । मलाई आशा छ, मैले गान्धी पनि बेलायती राज्यकै विशेष उपज हुनुहुन्थ्यो भन्दा उहाँको गरिमा घटाएको ठानिनेछैन । मलाई लाग्छ, उहाँ न हिटलरको, न स्टालिनको, न त महेन्द्रकै राज्यमा रहन पाउनुहुन्थ्यो । उहाँले आफ्नो राजनीतिक जीवनकालमा कति सभामा भाषण गर्नुभयो होला ? उहाँका शब्दलाई टिपेर कति पत्र-पत्रिकाले लगातार कति वर्षसम्म भारतको कुनाकुनामा पुर्‍याइरहे होलान् ? उहाँका भनाइका कति पुस्तिका प्रकाशित भए होलान् ? उहाँलाई आदर गर्ने एवम् सार्वजनिक स्थान र घरघरमा श्रद्धापूर्वक पूजा गर्ने देशवासीबीच उहाँका कति लाख फोटा बाँडिए होलान् ? तपाईंहरूलाई नेपालको तिनताकाको राणाशासकले बेलायती भाइसरायलाई गान्धी र उनका मुख्य अनुयायीबाट उत्पन्न समस्या सधैंका लागि समाप्त पार्न झुन्ड्याइदिन मैत्रीपूर्ण सल्लाह दिएका थिए भन्ने सुन्दा आश्चर्य लाग्न सक्ला । राणाशासकले आफूले भाइसरायलाई सल्लाह दिएजसरी नै दोस्रो विश्वयुद्धताका आफ्नो विरोध गर्ने दुईजनालाई झुन्ड्याएर र दुईजनालाई गोली ठोकेर मारेका थिए । ती व्यक्तिहरूको अपराध के थियो भने कसैले घरमा टाइपराइटर राखेका थिए, कसैले धार्मिक सभाको आयोजना गरेका थिए, कसैले पटनाबाट निस्कने 'जनता' नामको पत्रिकामा नेपालको समाचार छपाउन पठाएको थिए र कसैले गोप्यरूपमा एउटा सानो सङ्गठन खोलेका थिए । यसबाट अत्याचारीको जेललाई सत्याग्रहीहरूले भरेर सरकारलाई अप्ठेरोमा पार्ने, प्रशासनमा केही दबाब उत्पन्न गर्ने र अत्याचारी शासकविरुद्ध अहिंसात्मक आन्दोलनको प्रचार बढाउने गान्धीवादी रणनीति तानाशाही व्यवस्थामा व्यवहारमा लागू गर्न सकिँदैन भन्ने प्रस्ट हुन्छ । नेपालको हालको सङ्घर्षको क्रममा सरकारले आन्दोलनकारीलाई पक्रनेभन्दा मार्ने नीति अपनाएको थियो । नेपालको सरकारले जेल भर्दा आन्दोलनकारीको राजनीतिक शक्ति बढाउन मद्दत पुर्‍याउँदैन । म आफ्नै अनुभवको आधारमा पनि नेपालमा राजनीतिक कार्यकर्ताले पाएको यातनासँग दाँज्ने हो भने बेलायती कालमा हिन्दुस्तानमा आन्दोलनकारीलाई त्यति ठूलो यातना दिइएको थिएन भन्न सक्छु । नेपालमा कुनै आन्दोलनकारी समातियो भने उसले दुःख र यातना धेरै पाए पनि उसले बाँच्ने आशा राखे हुन्छ, तर जो समातिँदैनन्, उनीहरूको झन् ठूलो दुर्दशा नै हुन्छ भन्दा विरोधाभासजस्तो लाग्ला । तर यो सत्य हो । तानाशाही व्यवस्थामा नैतिक र राजनीतिक विरोध गर्ने छुट हुन्छ, तर कसैले थाहा नपाउने भएकोले कसैले पर्वाह गर्दैन भन्ने नठान्नुहोला । वास्तवमा प्रत्येक तानाशाहहरूको बन्दीगृहको जमिनमुनि आफ्नो गलाबाट अहिंसात्मक आन्दोलनको आवाज निस्कनुभन्दा पहिल्यै कसैले थाहा नपाउने गरी घाँटी निमोठिएर पुरिएका अनेकौं गान्धीका चिहान होलान् ।

बेलायती वा त्यस्तै अर्को राजको परिप्रेक्ष्यमा मात्र म गान्धीको कल्पना गर्न सक्छु । यसलाई अझ प्रस्ट पार्नका लागि म के भन्न चाहन्छु भने केवल प्रजातान्त्रिक मुलुकहरूमा मात्र राजनीतिक शक्तिको रूपमा गान्धीवादको अहिंसात्मक सङ्घर्षको बाटो अपनाउन सम्भव छ । तानाशाही व्यवस्थामा यसले कुनै प्रभाव पार्न सक्तैन । हिन्दुस्तानमा पनि अहिलेसम्म

———बाँकी ३ पेजमा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

## दलित आवाज

# राज्यको नजरमा नपरेको मधेसी दलित



**संजय महरा**

गणतन्त्र नेपाल स्थापनाको निम्ति परिवर्तीत तथा लोकतान्त्रिक हरेक आन्दोलनमा मधेसी दलितको अहम् भूमिका रहेको इतिहास छ । हरेक परिवर्तीत आन्दोलनको सफलतमा मधेसी दलितको सहभागिता छ । मधेसी दलितको सहभागिताले परिवर्तीत आन्दोलनले सफलता प्राप्त गरेको छ । राणा शासनकालदेखि पञ्चायत हुँदै २०५२ सालको सशस्त्र संघर्ष र ०६२/०६३ सालको जनआन्दोलन, मधेस आन्दोलनमा मधेसी दलितहरूको अहम् भुमिकामा संघी य लोकतान्त्रिक गणतन्त्र स्थापनाको भएको हो ।

तर गणतन्त्र नेपाल घोषणाको क्षणमा मधेसी दलितहरूका पनि खुशीको सीमाहरू थिए । एकात्मक शासन प्रणाली राज्यको अन्तसँगै समावेशी र समानुपातिक राज्यको अवधारणामा मधेसी दलितहरूले आत्म सम्मानपूर्वक र विभेदरहीत समाजमा मानव भइ बाँच्ने अभिलाषा तथा अभिप्रायको सपना बुनेका थिए । तर, मधेसी दलितको सपनामाथि तुषारापात परेको छ ।

काठमाडौंबाट सत्ता सञ्चालन गरिरहेको शासक वर्गको मस्तिष्कमा मधेसी दलितहरू अधिकार सम्पन्न होस भन्ने सोचमा परिवर्तन आएन । काठमाडौं नेपालको केन्द्रविन्दु रहेपनि सबैको काठमाडौं कहिल्यै हुन सकेन् । अझ मधेसी दलितको सवालमा काठमाडौं जहिल्यै अनुदार बन्यो । काठमाडौंको दृष्टिबाट मधेसी दलित तेस्रो दर्जाको नागरिकको‌रूपमा रह्यो र विभेदको सिकार मधेसी दलित भएको छ । राज्य सञ्चालनमा मुट्ठिभरका सामान्त जातीय विशेष ब्राहमणवादबाट माथि उठन नसेकेकोले मधेसी दलितको देश नेपाल हो तर राज्यको भान दलितलाई कहिल्यै भएको छैन । मधेसी दलितको पनि पसिना र करबाट राज्य संचानलन भईरहेको हेक्का राज्य सञ्चालककलाई हुन सकेन जसका कारण कालान्तरमा राज्यले अझ काठमाडौबाट सञ्चालित राज्यले क्षति नव्यहोर्ला भन्न सकिन्न । देशमा शासन व्यवस्था परिवर्तन भएपनि काठामाडौंमा बस्नेहरूको मधेसी दलित प्रतिको दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन् । एकात्मक शासन सत्ताको अन्त भएपनि संघीय प्रणालीमा देश गईसकेको अवस्थामा पनि मधेसीदलित प्रतिको हेराइ र व्यवहार अनि सोच चिन्तनमा कुनैफेरबदल आउन सकेको छैन । मधेसी दलित अझै पनि गुलाम तथा दासको रूपमा अपहेलित छन् ।

राज्यसत्ताको विभेदकारी नीति र मधेसी दलितको चौतर्फी विकास हुनुपर्थ्यो त्यो सम्म पनि गणतन्त्रमा हुन सकेको छैन । नेपालको कूल जनसंख्याको हिस्सा करिब ४.५ प्रतिशत मधेसी दलितले ओगटेको छ । तथ्यांक अनुसार १२ लाख ४३ हजार ४४६ मधेसी दलितको जनसंख्या छ । मधेसी दलितको गैरनागरिक सरह व्यवहार राज्यद्वारा भोग्दै आइरेको इतिहास छ तर संघीयतामा राज्यको हरेक निकायमा सम्मानजनक उपस्थिती हुनुपर्थ्यो त्यो हुनसकेको छैन् । राजनैतिक पार्टीको भातृसंगठनमा मधेसी दलितको नेतृत्वको अवस्था शून्य बराबर छ । त्यसैगरि संघीय संसदमा समेत एक जनापनि मधेसी दलितको उपस्थिती छैन । राष्ट्रिय दलित आयोग स्थापना भएदेखि अहिलेसम्म मधेसी दलितले अध्यक्ष बन्ने अवसर पाएका छैनन् ।

सातवटै प्रदेशमा ६ वटा प्रदेशमा नेकपाको सरकार रहेपनि २ मा मात्र मधेसवादी दलको सरकार छ । प्रदेश नम्बर दुईमा कुल जनसंख्याको १७.२९ प्रतिशत मधेसी दलितको जनसंख्या रहेको छ । सातवटै प्रदेशमा सरकारमा समेत मधेसी दलितको प्रतिनिधित्व शून्य छ । नेपालको जनसंख्यामा दलितको ३५ लााख ५३ हजार अर्थात ६८ (१३.४) प्रतिशत जनसंख्या दलित समुदायको छ । जसमध्ये पहाडि दलित २३ लाख ९ हजार ६२२ (६५ प्रतिशत) र मधेसी दलितहरू १२ लाख ४३ हजार ४४६ (३५ प्रतिशत ) छन । प्रदेश २ को कूल जनसंख्याको १७.२९ प्रतिशत मधेसी दलितको जनसंख्या छ ।

७५३ स्थानिय तहबाट ३५ हजार ४१ जना जनप्रतिनिधि चुनिएका छन तर त्यसमा दलितहरू ७ हजार ७३७ (२२ प्रतिशत) जना चुनिएका छन । जसमा मधेसी दलित महिला १ हजार ८५३ ( २४ प्रतिशत) र पहाडि दलित ५ हजार ८८४ (७६ प्रतिशत) रहेको छ । प्रदेश २ मा १३६ स्थानीय पालिकामा प्रमुख/अध्यक्ष पद मध्ये दलित समुदायको तर्फबाट २ जना नगर प्रमुख (१.४ प्रतिशत) छन । दलित समुदायबाट ५ जना उपप्रमुख /उपाध्यक्षमा ( ३.७ प्रतिशत) छन । १२ सय ७१ जना वडाध्यक्ष मध्ये १७ जना (१.३ प्रतिशत) मात्र प्रतिनिधि छन । संघीय सभामा १ जना (१.७ प्रतिशत) र प्रदेश २ मा ७ जना (६.५ प्रतिशत) मात्र छन ।

मधेसी दलित समुदायका १५ जनाको अहिलेसम्म हत्या भएको, दुई दर्जनभन्दा बढी ठाउँमा सांघातिक हमला भएको छ । मधेसी दलितहरूमाथि श्रृंखलाबद्ध हत्या, हिंसा, बलात्कार र जातीय छुवाछूतको घटना भईरहको छ । मधेसी दलित समुदाय जातीय छुवाछूत, अमानवीय व्यवहार, गैरजिम्मेवार प्रहरी प्रशाद्वारा दलित समुदायमाथि ज्यादत्तिका घटना भइरहेका छन् । तसर्थ राष्ट्रिय मधेसी दलित आयोग गठन गरि मधेसी दलित समुदायलाई जनसंख्याको आधारमा राज्यको हरेक निकायसँगै शासन, प्रशासन, जल, जमिन, जमिनमा आत्मनिर्भर, स्वभिमानी, आत्मसम्मान, समाजिक न्याय, मानव अधिकारका प्रत्याभूती, समाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक र शैक्षिक लगायतका समानुपातिक तथा समावेशिकरण सिद्धान्तका अनुसारमा राज्यको हरेक निकायमा समाहित नगराएको खण्डमा र मधेसी दलितलाइ राज्यको मूलप्रवाहमा नपुगेसम्म आवाज बुलन्द गर्नु नितान्त आवश्यक छ । ***(लेखक महरा, दलित जागरण केन्द नेपाल गोलबजार सिरहाका सचिव हुन् ।***

## नेपालको...

अहिंसात्मक आन्दोलनको गहिरो अध्ययन भएको छैन । अहिंसात्मक लडाइँले हिन्दुस्तान स्वतन्त्र भएको भन्ने राष्ट्रिय भ्रमले त्यस्तो अध्ययनमा बाधा पुऱ्याइरहेको छ । हामी के निष्कर्षमा पुग्न सक्छौँ भने अहिंसात्मक आन्दोलन जनआन्दोलन र प्रचारबाजीको अर्थमा जतिसुकै प्रभावकारी भएको भए पनि दोस्रो विश्वयुद्धको हिसाबाट ठूलो मद्दत नपाएको भए हिन्दुस्तानले बेलायती शासनमाथि आखिरी र निर्णायक विजय पाउन सक्ने थिएन । त्यसर्थ के पनि भन्न सकिन्छ भने विश्वइतिहासका परिप्रेक्ष्यमा भएको दोस्रो विश्वयुद्ध अरू कुराबाहेक हिन्दुस्तानको स्वतन्त्रताका लागि प्रमुख तर परोक्ष कारणसमेत बनेको थियो । दोस्रो विश्वयुद्ध एउटा ठूलो मुक्तिदाता साबित भयो, जसको कारणले गर्दा स्वाधीनताका लागि हिसात्मक वा अहिंसात्मक कुनै न कुनै प्रकारको लडाइँ नलडिएका अफ्रिका र एसियाका अनेक राष्ट्र स्वतन्त्र भए । उपनिवेशमा रहेका त्यस्ता मुलुकमा मात्र स्वतन्त्रताका लागि चलाइएका अहिंसात्मक मुक्तिसङ्ग्राम सफल भए, जहाँको उपनिवेशवादी शक्तिको आफ्नो देशमा प्रजातान्त्रिक व्यवस्था थियो र ऊ जनमतबाट प्रभावित हुन्थ्यो भन्ने तथ्यलाई यसबेला सम्झिनै पर्छ । ऐतिहासिक भाग्यवादीहरूजस्तो इतिहासको अपरिहार्यताका कारण परिवर्तन हुन्छ भन्ने कुरामा म विश्वास गर्दिनँ । तर, अरूहरूले त्यस्तो कल्पना पनि गर्न सम्भव छ । बेलायतमा लेबर पार्टीको सरकार नबनेको भए सायद १९४७ मा हिन्दुस्तानले स्वतन्त्र अधिकारको 'उपहार' पाउने थिएन । मैले अधिकारको 'उपहार' जानी–जानी नै भनेको हुँ । मलाई थाहा छ, कम्युनिस्टहरू मेरो यस विश्लेषणप्रति सहमत हुने छैनन् । तर, गान्धीवादी र कम्युनिस्टहरू दुवैले भन्न सक्छन्, 'चर्चिलले नेतृत्व गरेको कन्जरभेटिभ पार्टी र एटलीले नेतृत्व प्रदान गरेको लेबर पार्टीमा केही फरक छैन । ती दुवैमा एउटै साम्राज्यवादी बेलायतको अनुहार प्रतिबिम्बित हुन्छ । ती दुवैको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रश्नमा समान विचार छ र आर्थिक नीति पुँजीवादबाट निर्देशित छ ।' गांन्धीवादी र कम्युनिस्टहरू दुवैको यस्ता सवालमा समान प्रतिक्रिया छ त ? विकेन्द्रीकरणको आधारमा समाजको पुनर्गठन हुने सन्दर्भमा पनि मलाई केही शङ्का छ । तर, त्यो शङ्का अहिंसाको सवालमा भएजस्तो गम्भीर भने छैन । यस सन्दर्भमा विश्वमा ठूलो मानव समस्याका रूपमा प्रकट भइरहेको तीव्रगतिले बढ्दै गएको जनसङ्ख्याको समस्यालाई विचार गरौं । जनसङ्ख्या वृद्धिले अर्थतन्त्र र सङ्गठनका पक्षमा उत्पन्न गरेको जटिल र असाध्य कठिन परिस्थितिलाई विकेन्द्रीकरणको आदर्शमा आधारित सोझो र एकाङ्गी व्यवस्थाले मात्र पर्याप्त समाधान दिन सक्तैन । पहिलो कुरो त अविकसित मुलुकहरूमा तीव्रताका साथ बढ्दै गएको जनसङ्ख्याले ठूलो परिमाणमा सङ्गठनात्मक समस्या उत्पन्न गराएको छ । जनसङ्ख्याको अनियन्त्रित वृद्धिको यस अवस्थामा समाजको सङ्गठन र सञ्चालन कसरी गर्ने ? प्रजातान्त्रिक परिवेसमा पनि समाजको सञ्चालन र व्यवस्थापनमा उत्पन्न हुने समस्याको समाधान गर्नका लागि कुनै न कुनै किसिमको एउटा निर्देशक सङ्गठनको आवश्यकता हुन्छ । त्यसको अभावमा समाजका विभिन्न पक्षबाट जनतामा एक–आपसमा विरोधी वा एकै किसिमका आदेशहरू लादिने हुँदा जनअधिकारका पक्षमा ठूलो गडबडी उत्पन्न गराएर समाजको एकता नै खतरामा पर्ने भय हुन्छ । वर्तमान आधुनिक परिस्थितिले अर्कै किसिमको सामाजिक ढाँचाको माग गर्ने हुँदा हामीले पुरानो ग्रामीण ढाँचालाई फेरि खडा गर्न खोज्नु गम्भीर भूल हुनेछ । उदाहरणका लागि कलकत्ता सहरलाई लिऊँ ! कलकत्ता जनसङ्ख्याको चरम चाप भएको ठूलो सहर भएको र त्यस्तो अवस्था अहिले कुनै पनि देशमा व्याप्त भइनसकेको हुँदा यो निर्णायक उदाहरण भने हुन सक्तैन । बढ्दो जनसङ्ख्याको व्यवस्थापन र सञ्चालनसम्बन्धी समस्यालाई प्रस्ट पार्नका लागि मात्र मैले कलकत्तालाई उदाहरणका रूपमा लिएको हुँ । सहरलाई विस्थापित गरेर त्यहाँका बासिन्दालाई देशभरि छरिदिने प्रस्ताव राख्नु समस्यालाई जस्ताको त्यस्तै राख्नु हो । देहातमा समेत भएको जनसङ्ख्या वृद्धिका कारण त्यहाँ पनि सहरका बासिन्दालाई राख्ने ठाउँ छैन भन्ने हाम्रो धारणा छ । यस्तो अवस्थामा हामी आफ्नो अधिकार र साधनको सीमामा रहेर स्वतन्त्ररूपले स्थानीय तहका मानवीय आवश्यकताहरूको परिपूर्ति गर्ने वडा कमिटीको कल्पना गर्न सक्छौं । तर, त्यस्ता सबै वडा कमिटीहरूलाई एकसूत्रमा बाँध्ने कुनै केन्द्रीय संस्थाको अभावमा उनीहरूले खानेपानी, सरसफाइ, बिजुली, आवास र गाँसलगायतका समस्याका सम्बन्धमा निर्णय लिन र ती निर्णयलाई विकेन्द्रित आधारमा स्वतन्त्ररूपले कार्यान्वयन गराउन सक्तैनन् । ती वडा कमिटीहरूले धेरै गर्न सके भने पनि केन्द्रीय संस्थाका स्थानीय एजेन्सी वा त्यसको परिचालन गर्ने संयन्त्रको रूपमा मात्र काम गर्न सक्लान् । एउटा सामान्य उदाहरणले नै मेरो यस धारणालाई प्रस्ट पार्छ । मानौं, कलकत्ताको बन्दरगाहमा त्यस सहरलाई चाहिने गहुँ बाहिरबाट आयो भने त्यसलाई बन्दरगाहबाट निकाल्ने, भण्डार गर्ने र फेरि त्यसलाई सहरका सबै ठाउँमा पुऱ्याउने कामका लागि एउटा ठूलो सङ्गठनको आवश्यकता पर्छ । यद्यपि, त्यस सङ्गठनको अन्तिम एकाइका रूपमा भने व्यक्ति, परिवारजस्ता उपभोक्ता रहन्छन् । ***क्रमश :***

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

# स्थानीय सरकार : सुशासनका आधार

नेपालमा संघीयता लागू भएको चार वर्ष पूरा गरिसकेको छ । ७ सय ५३ स्थानीय, ७ प्रदेश र १ संघीय सरकार जननिर्वाचित प्रतिनिधिबाट चलिरहेका छन् । अहिले संविधान पूर्णरूपमा कार्यान्वयनको अवस्थामा छ । अहिले संघीयता नेपालको परिप्रेक्ष्यमा नौलो र आयातित भए पनि शासन गर्ने पद्धति, शैली, व्यवहार र सोच भने पुरानै तरिकाले चलेको छ भन्ने जनगुनासो व्यापक छ र जसले पनि त्यही महसुस गर्न सक्छ । जनताका आशा र अपेक्षा पनि खरायोको गतिमा वृद्धि भएका छन्, तर स्रोतसाधन भने कछुवा गतिमा छ । यी सबैको सन्तुलन मिलाउनु हाम्रो जस्तो परनिर्भर, कमआय र अल्पविकसित देशका लागि धेरै चुनौतीपूर्ण छ, तर विकल्प पनि छैन ।

संघीयता कार्यान्वयन, बेरोजगारी समस्या, घाटा व्यापारमा सुधार, प्रतिव्यक्ति आयमा वृद्धि, साधारण खर्चको कटौती, ठूला पूर्वाधार विकास, शिक्षा र स्वास्थ्ययमा सबैको पहुँच अभिवृद्धि गर्नु केन्द्र सरकारको प्रमुख दायित्व हो भने स्थानीय सरकारको परिपूरक जिम्मेवारी हो । सुशासन, सामाजिक जवाफदेहिता अभिवृद्धि, भ्रष्टाचार नियन्त्रण, सामाजिक विभेदको अन्त्य र स्थानीय आम्दानी वृद्धि स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो, तर यी समस्यालाई अवसरका रूपमा रूपान्तरण गरेर काम गर्ने हो भने स्थानीय जनप्रतिनिधिहरूका लागि यो जीवन तथा राजनीतिक बुटी पनि हो ।

स्थानीय जनप्रतिनिधिहरूको मुख्य काम भनेको सामाजिक न्याय, समता र समावेशी सिद्धान्तका आधारमा विकास–निर्माण र जनमुखी सेवा प्रदान गर्न सहजीकरण गर्ने हो, तर विगतको उनीहरूले गरेको कार्यलाई मूल्यांकन गर्दा उनीहरु उद्देश्यबाट विमुख भएर लोभलालच, विलासी, सुविधा भोगी र शासकका रूपमा प्रस्तुत हुने गरेको र अनावश्यक काममा फस्ने गरेको स्पष्ट देखिन्छ । नेपाल संघीयतामा गइसकेपछि अधिकार मात्र नगएर स्रोत र साधन पनि गएको छ भन्ने कुरो सबैलाई जानकारी छ । त्यसैले स्रोत भएको स्थानमा चुहावट पनि हुन्छ भन्ने कुरा द्रुवसत्य हो । अहिले स्थानीय तहमा विकास–निर्माणभन्दा पनि सुशासन, भ्रष्टाचार, अपारपारदर्शिता र सामाजिक जवाफदेहिताका विषयहरु पेचिलो बन्दै गएको कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दर्ता भएका हजारौं उजुरीबाट पनि प्रस्ट हुन्छ । स्थानीय तहमा भइरहेको भ्रष्टाचार र अनियमिततालाई समयमै सम्बोधन गर्न सकिएन भने संघीयता कार्यान्वयनका लागि प्रत्युत्पादक हुन सक्छ ।

**संघीयताको उपादेयता**

नेपाली जनताले संघीयता रहरले लिएका होइनन्, धेरै सहिदहरूको बलिदानबाट प्राप्त भएको हो । संघीय शासन व्यवस्था कसैलाई जागिर खान, कसैलाई राजदूत बन्न, कसैलाई मन्त्री बन्न, कसैलाई नेता बन्नका लागि ल्याइएको पनि होइन, यो त नेपालमा ब्याप्त गरिबी, सामाजिक विभेद, अन्याय, अत्याचार, भ्रष्टाचार, सामाजिक अपराधलाई निर्मूल पारी दूरदराजमा रहेका गरिब निमुखा जनताको हाँसो, खुसी, शान्तिमार्फत विकास, रोजगारी र समृद्धिका लागि हो । यो सबैले हेक्का राख्नुपर्छ ।

नारामा सिंहदरबारको अधिकार गाउँघरमा भनिए पनि विकास र अधिकारभन्दा पनि केन्द्रमा हुने गरेको भ्रष्टाचार गाउँघरमा विकेन्द्रीकरण भएको भान भइरहेको छ । यसलाई पनि जनप्रतिनिधिले कुनै पनि काम गर्नुभन्दा पहिले तीन पटक सोचेर निर्णय गर्नु राम्रो हुन्छ । यसले संघीयतालाई बलियो भन्दा पनि कमजोर बनाउने विज्ञको बुझाइ छ । नेपालको संविधानले नेपालमा तीन तहका सरकारको व्यवस्था गरेको छ । तीनवटै सरकार ( स्थानीय, प्रदेश र केन्द्र) स्रोत परिचालन, विकास निर्माण, निर्णय गर्न र सुशासन कायम गर्न स्वायत्त छन् ।

## पालिका बहस

### पोष्ट केसी

विश्वमा करिब २ सयभन्दा बढी देश अस्तित्वमा छन् । तीमध्ये करिब २६ देशमा संघीय शासन व्यवस्था छ, तर अन्य देशमा केन्द्रीकृत र राजतन्त्रात्मक शासन व्यवस्था छ । कुनैमा तानाशाही शासन छ भने कसैमा प्रजातान्त्रिक शासन छ । विकास र समृद्धिका दृष्टिले विश्लेषण गर्ने हो भने यो व्यवस्था ठीक र यो व्यवस्था बेठीक भन्न सकिने अवस्था छैन । शासन जस्तोसुकै भए पनि जनताको गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्यय, रोजगारी, सामाजिक न्याय, सुशासन, शान्ति, विकास र समृद्धिजस्ता विषयका आधारमा मूल्यांकन गर्ने कुरा हो । शासन जस्तोसुकै भए पनि विश्वव्यापी मान्यताका आधारमा न्यूनतम सर्त भने पूरा गर्नुपर्छ ।

**सुशासनका लागि आधारहरु**

हरेक देशका सरकारको मूल मन्त्र र उद्देश्य भनेको जनतालाई सुशासन र विकास दिने हुन्छ । पार्टी घोषणापत्र र चुनावको समयमा पनि यिनै कुरालाई आधार बनाएर भोट मागेका हुन्छन् । सुशासन र विकासका लागि न्यूनतम पूर्वाधारहरु के–के हुन्, सोबारे प्रस्ट कार्यदिशा तयार गरेर अगाडि बढ्नु राम्रो हुन्छ । सरकार चाहे त्यो स्थानीय होस् या केन्द्र तर त्यसको सूचक भने सुशासन र विकास नै हो । सुशासन भन्नाले जनताको खुसी, सन्तुष्टि, शान्ति र समृद्धि हो । यसलाई मापन गर्न भन्न जति सजिलो छ मापन गर्न त्यति कठिन छ । संयुक्त राष्ट्रसंघका अनुसार सुशासनलाई मापन गर्नका लागि आठ आधार–सूचकहरु : जनसहभागिता, कानुनी शासन, पारदर्शिता, उत्तरदायित्व, आमसहमति, समता र समावेशिता, प्रभावकारिता तथा सक्षमता र जवाफदेहिता जस्तालाई परिभाषित गरेको पाइन्छ । यी आधार आफैंमा केही होइनन्, तर कार्यान्वयन गर्न सके यी आधारहरूलाई संघीयता सफल बनाउने औजारका रूपमा लिन सकिन्छ ।

सुशासनका आठ आधारमध्ये जनसहभागिता एक महत्वपूर्ण आधार हो । विशेष गरेर राज्यका संयन्त्रले विकास र समृद्धिका सपना बाँडिरहँदा पारदर्शिता र जवाफदेहितालाई नजरअन्दाज गर्न मिल्दैन । त्यसैले योजना पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभ वितरणमा लक्षित वर्ग वा सरोकारवाला निकायको प्रत्यक्ष सहभागितामा सम्पन्न गर्ने परिपाटीको विकास गर्न आवश्यक छ । कुनै पनि काम गर्दा व्यापक जनसहभागितामा भएको छ भने त्यसले सफल कार्यान्वयन, दिगोपना, स्वामित्व र जवाफदेहिता हुने कुरा सर्वविवितै छ । दोस्रो आधार कानुनी शासन हो । शासन व्यक्तिले गर्ने होइन, विधि र प्रक्रियाले चलाउने हो । लोकतन्त्रमा कानुन र विधिले शासन गर्छ भने गैरलोकतन्त्रमा व्यक्तिले गर्छ । तर लोकतन्त्रमा ऐन, कानुन नीति नियम तर्जुमा गर्दा व्यापक जनसहभागिता र जनताका प्रतिनिधिले गर्ने गर्छन् । शासन जनताद्वारा निर्वाचित जनप्रतिनिधिले पारित गरेका कानुनबाट चलाउनुपर्छ । त्यसैले स्थानीय जनप्रतिनिधिले विधि र प्रकियामार्फत शासन गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

तेस्रो आधार पारदर्शिता हो, सरकारले आफूले कार्यसम्पादन गर्दा पारदर्शितालाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्छ । यदि पारदर्शिता भएन भने भ्रष्टाचारले प्रश्रय पाउन सक्छ । त्यसैले जनमुखी कार्य गर्दा सबैले देख्ने, बुझ्ने, सर्वमान्य सिद्धान्तका आधारमा कानुन र विधिसम्मत प्रकियाबाट सम्पन्न गर्नुपर्छ । चौथो आधार भनेको उत्तरदायित्व हो । सरकारले नियमित सेवा प्रवाह र विकासका कार्यलाई सम्पादन गर्दा उत्तरदायी संयन्त्रको विकास गर्नुपर्छ । कहिले, कहाँ, कसले, कसलाई, कसरी भन्ने नागरिकको प्रश्नहरूको उत्तर राज्यले दिने व्यवस्था हुनुपर्छ । गरिएका कार्यहरु र भएका घटनाहरूको उत्तरदायित्व पनि सरकारले लिनुपर्छ । त्यसबाट भाग्नु हुँदैन र दोष अरूलाई दिनु पनि हुँदैन, त्यसैले जिम्मेवारीसाथ कार्य सम्पादन गर्दा नागरिक र राज्यलाई फाइदा हुन्छ ।

सुशासनको पाँचौं आधार भनेको आमसहमति हो । सरकार वा सरकारी निकायले विकास र सेवासँग सम्बन्धित कार्य गर्दा सबैको सहमतिमा विधि प्रक्रियाबाट गर्नुपर्छ । विकास भनेको जनताका लागि हो । सबै पक्षलाई आमसहमतिमा ल्याई निर्णय गर्दा त्यसले सफल कार्यान्वयन गर्न बल पुग्छ र योजनाको दिगोपना र अपनत्व पनि हुने गर्छ । एकल निर्णय गर्ने परिपाटीलाई लोकतन्त्रमा निरूत्साहित गर्नुपर्छ । जनप्रतिनिधिले निर्णय गर्दा दलीय मातभन्दा माथि उठेर सर्वदलीय सोचबाट गर्नुपर्छ । समता र समावेशिता यो सुशासनको छैटौं आधार हो । लोकतन्त्रमा सबैको अधिकार बराबर हुन्छ । राज्यले कुनै पनि नागरिकलाई चाहे त्यो फरक क्षमताको किन नहोस्, कुनै प्रकारले विभेद गर्न मिल्दैन । त्यो कानुनी रूपमा दण्डनीय हुन्छ । त्यसैले सबै नागरिकले सहज रूपमा स्रोतमा पहुँच, निर्णयमा पहुँच, रोजगारीमा पहुँच, शिक्षा र स्वास्थ्यमा पहुँच र सार्वजनिक सेवामा सहज पहुँच हुने गरी समता र समावेशी सिद्धान्तका आधारमा कार्य सम्पादन गर्नुपर्छ ।

प्रभावकारिता तथा सक्षमता कुनै काम गरेर मात्र हुँदैन, त्यसको प्रभावकारितालाई पनि ध्यान दिनुपर्छ । उपयुक्त व्यक्ति उपयुक्त ठाउँमा सिद्धान्तका आधारमा काम गर्नुपर्छ । सक्षमताले प्रभावकारितालाई सुनिश्चित गर्छ । प्रभावकारिताले राज्यको व्ययभारलाई प्रभाव पार्छ । क्षमतावान् र योग्य व्यक्तिको कदर तथा सम्मान गर्नुपछ जसले राज्यको संयन्त्रलाई चुस्तदुरूस्त, सक्षम, सबल र सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन सहयोग गर्छ । अन्तिम आधार भनेको जवाफदेहिता हो । जवाफदेहिता यस्तो आधार हो जसले राज्यले प्रदान गर्ने विकास र सेवासँग सम्बन्धित कार्यलाई बलियो बनाउँछ । नागरिकले आफूलाई लागेको कुराको प्रश्नमार्फत जवाफ खोज्ने गर्छ । राज्यकोषबाट तलब सुविधा खाने व्यक्तिले आफुले गरेका कार्यहरूको विभिन्न सामाजिक जवाफदेहिताका औजारमार्फत नागरिकलाई सुसूचित पार्नुपर्छ, जसले गर्दा उनीहरूको कार्यको जनअनुमोदन र सहयोग पाउन सकिन्छ ।

राज्यले प्रदान गर्ने विकास र सार्वजनिक सेवा गुणस्तरीय छन् वा छैनन् भनेर जाँच्ने सार्वभौम अधिकार नेपालको संविधान, २०७२ ले नेपाली जनतालाई दिएको छ । राज्य शक्तिको स्रोत भनेका जनता हुन् । बहुमत र दुईतिहाईको नाममा जनचाहनाविपरित कुनै विकासका कार्य अघि बढ्छन् भने त्यो उनीहरूका लागि प्रत्युत्पादक हुन सक्छ । त्यसैले स्थानीय, प्रदेश र संघीय सरकारका जनप्रतिनिधिहरूले सुशासनका उल्लिखित आधारलाई आत्मसात गरी विकास र सेवा प्रवाह गर्ने हो भने उनीहरूका लागि निकै फलदायी हुने कुरामा दुईमत छैन । संघीयता सफल बनाउन, विकास र समृद्धिले फड्को मार्नका लागि सुशासन अनिवार्य सर्त हो । सुशासन र समृद्धि भनेको बाजा बजाएर, भाषण गरेर र गीत गाएर आउने कुरा होइन । यो त लगनशीलता, प्रतिबद्धता र इमानदारिताबाट मात्रै प्राप्त गर्न सकिन्छ ।

*कारोबार दैनिकबाट*

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)